कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं.......................२०७३/०७४

मिति: २०७३।०९।१८

# परीक्षाको आवेदन फारम भर्ने सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०६९/०७० र शैक्षिक सत्र २०७२/०७३ मा संचालित स्नातक तह **B.V.Sc. & A.H.** र **B.Sc. Fisheries** मा भर्ना भई क्रमश: सातौं सत्र र दोस्रो सत्रमा अध्ययनरत विद्यार्थीहरुले उक्त सत्रको नियमित परीक्षामा सम्मिलित हुन २०७३ साल पौष १९ गते देखि पौष २७ गते सम्म नियमित शुल्क र तत्पश्चात २०७३ साल पौष २८ गते देखि माघ ०३ गते सम्म विलम्व शुल्क बुझाई परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फारम सम्बन्धित संकाय डीनको कार्यालयबाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फारम शुल्क रु. १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फारम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७३ साल पौष २८ गते देखि पौष २९ गते सम्म | रु. ३००।- |
| २०७३ साल माघ ०२ गते | रु. ५००।- |
| २०७३ साल माघ ०३ गते | रु. १,१००।- |

३. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु नियमित परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायवाट उपलब्ध हुनेछ ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.........................
प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक